


# अध्याय -3

## ऐतिहासिक पृष्ठभूमि: प्रस्तावना

**यस अध्यायका मुख्य पदहरूः यूहन्ना १:१-५, उत्पत्ति १:१, यूहन्ना १:९-१३, यूहन्ना ३:१६-२१, यूहन्ना ९:३५-४१, मत्ती ७:२१-२३ र यूहन्ना १७:१-५।**

***यस अध्यायको मूल सार पदः*** ***"आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो।" यूहन्ना १:१।***

यूहन्नाले उनको सुसमाचारको पुस्तक किन लेखे भनेर व्याख्या गरिएको यस अध्ययनको पहिलो अध्यायमा हेऱ्यौं। सुसमाचारको सुरुको विषयवस्तुमा यस अध्याय फेरि फर्किनेछौं। पवित्र आत्माबाट प्रेरणा पाएर आफ्नो पुस्तक कुन दिशातिर जाने अघि बढ्ने भनेर यूहन्नाले निर्णय गरेका थिए। प्रायजसो नयाँ करारका लेखकहरूले आफ्ना लेखहरूका पहिलो वाक्य र अंशमा ती विषयवस्तुहरूका परिचयहरू लेखेका हुन्छन्। यसले गर्दा लेखकहरू आफ्ना लेखका विषयवस्तुहरूतिर पाठकवर्गहरूको ध्यान खिँच्न चाहेका हुन्छन्। यूहन्नाले पनि परमेश्वर र सैतानको बीचमा भइरहेको जगतव्यापी महान् द्वन्द्वका विषयवस्तुहरूको भाग आफ्नो पुस्तकको सुरुमा प्रस्तुत गर्छन्। ती विषयवस्तुहरूले येशू ख्रीष्टको समुच्च सत्यहरूलाई चित्रण गर्दछन्। ती सत्यहरूतिर दृष्टिगत गर्न सृष्टिको अघिदेखिको स्थितिलाई हामीलाई लान यूहन्नाले प्रयास गर्दछन्।

पुस्तकको सुरुमा नै येशू मसीह हुनुहुन्छ भन्ने आभास पाठकहरूलाई दिन खोजिएको छ। यस पुस्तकमा उल्लेख गरिएका येशूबाहेक कुनै पनि पात्र मसीह वा उद्धारकर्ता हुन वा हुनसक्छ भनेर चिनाइएको छैन। येशूको बारेमा महान् विषयवस्तुहरू स्पष्ट रूपमा पाठकहरूले देखून् भनेर लेखकले येशूको कथा विभिन्न समयमा फर्केर र विभिन्न तरिकाहरूले प्रस्तुत गर्छन्। ती सबै महान् विषयवस्तुहरू यस संसारमा येशूले भौतिक जीवन बिताउनु भएको ऐतिहासिक कालभित्रै समावेश भएका छन्।

***यस अध्याय प्रस्तावनाबाट (यूहन्ना १:१-१८) सुरु गर्छौं र यूहन्नाले समावेश गरेका येशूका मुख्य विषयवस्तुहरूको संक्षेप हामी हेर्नेछौं। यही विषयवस्तुहरू नै यूहन्नाले लेखेका सुसमाचारका अन्य भागहरूमा भएको हामीले नियाल्नेछौं।***

## १. आदिमा वा सृष्टको प्रारम्भकालमा-ईश्वरीय लोगोस वा वचन

**वचनकै रूपमा सम्बोधन गरिएको येशूको बारेमा यूहन्ना १:१-५मा के व्यक्त गरिएका छन्? हेर्नुहोस्: "१ आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। २ उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो। ३ सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन। ४ उहाँमा जीवन थियो, र त्यो जीवन मानिसहरूको ज्योति थियो। ५ त्यो ज्योति अन्धकारमा चम्कन्छ, र अन्धकार त्यसमाथि विजयी भएको छैन।"**

अचम्मको धारणा प्रस्तुत गरेर यूहन्नाको सुसमाचार सुरु गरिएको छः "आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो।" यूहन्ना १:१। यस वाक्यमा येशूको बारेमा यस्तो सौन्दर्यता भावना व्यक्त गरिएको छ कि त्यो बुझ्न हाम्रो समझशक्तिभन्दा बाहिरको छ।

लेखकले सृष्टिको कथातिर हाम्रो ध्यानलाई आकर्षित गर्दछ। उत्पत्ति १:१मा पनि "आदिमा" भनिएको छ। वचन त त्यसबेला नै थियो। त्यो पनि विश्वब्रम्हाण्डको सुरु भएको अघदेखिनै। यूहन्नाले येशूको सनातन, अनन्त र अमर जीवनको अस्तित्वलाई पुष्टि तथा समर्थन गर्दछन्।

अनि, त्यो वचन त "परमेश्वरसँगै थियो" रे। यूहन्ना १:१८मा येशू "पिताको काखमा हुनुहुन्छ" भनेर आभास दिन्छ। यसको सही अर्थ हामीले जेसुकै लगाउन प्रयास गरेतापनि एउटा कुरो त निश्चित छः येशू र पिताको बिचमा अति घनिष्ठ सम्बन्ध छ। उहाँहरूका आत्मियता एक आपसा गाँसिएका छन्।

अनि यूहन्नाले भन्दछन्, "त्यो वचन आफै परमेश्वर हुनुहुन्थ्यो।" तर वचन त्यही समयमा परमेश्वर कसरी हुन सक्छ र? त्यसको जवाफ ग्रीक भाषामा पाइन्छ। ग्रीक भाषामा कुनै कुरालाई औँल्याउने निश्चित शब्द "त्यो" वा "the द" छ तर अनिश्चितलाई औल्याउने "ए वा आन" "a or an" छैन। यो हाम्रो निम्ति महत्त्वपूर्ण जानकारी हो। त्यसकारणले निश्चित कुरालाई सम्बोधन गर्ने वा औँल्याउने "द वा त्यो the"ले खास व्यक्ति वा वस्तुलाई औँल्याउँछ।

"*The word was with God* द वर्ड वाज विथ गड" भन्ने वाक्याँशले "परमेश्वर वा God" को अगाडि "द the" छ। त्यसले खास व्यक्तिलाई औँल्याइएको छ। त्यो हो परमेश्वर पिता नै वा "the Father द फादर" हो। र त्यो वचन वा द वर्ड त्यो पितासँग थियो। परमेश्वरलाई औँल्याइको गड God वा परमेश्वरको अगाडि "द the छैन। यसले परमेश्वरका स्वभाव वा लक्षणहरूलाई औँल्याउँछ। येशू परमेश्वर हुनुहुन्छ तर उहाँ त्यो परमेश्वर हुनुहुन्न, तैपनि उहाँ परमेश्वरको ईश्वरीय पुत्र हुनुहुन्छ। उहाँ त्यो त्रीएक परमेश्वरको दोस्रो व्यक्तित्व हुनुहुन्छ।

यूहन्नाले यो ज्ञानलाई पुष्टि गर्दछ। यूहन्ना १:३,४मा भनिएको छ येशूले सबै थोकहरू सृष्टि गर्नुभयो। पहिला अस्तित्वमा नआएको थोक उहाँले नै अस्तित्वमा ल्याउनु भयो। त्यो पनि येशूद्वारा नै, उहाँ त्यो सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ वा "*The Creator God* द क्रियटर गड।"

"सनातन वा अनन्त कालदेखि नै येशू ख्रीष्ट परमेश्वर पितासँग हुनुहुन्थ्यो। उहाँ परमेश्वरको स्वरूप हुनुहुन्थ्यो। उहाँको महान् गौरव, तेजस्वीमय, यशस्वीमय राजकीय स्वरूप येशूमा थियो। उहाँको महिमा अपारको थियो।"- *द डिजाएर अभ एजेज,* पृ. १९।

***हाम्रो धार्मिक दर्शन, विद्या, आत्मज्ञान वा अनुष्ठान वा थियोलोजीको निम्ति येशू ख्रीष्ट नै पूरा परमेश्वर हुनुहुन्छ भन्ने धारणा किन महत्त्वपूर्ण छर? यदि कतिपय लोकले विश्वास गरेको अनुसार येशू केवल दुई हजार वर्ष अघि जन्मिएका महापुरुष जो भगवान हुन पुग्यो भन्ने धारणमा हामी लाग्यौं भने येशूको अस्तित्व र व्यक्तित्वनै हामी किन गुमाउन पुग्छौं? येशू सृष्टि गरिएका वा जन्मिएका भगवान नभएर अनन्त वा सनातन परमेश्वर हुनुहुन्छ भन्ने आत्मज्ञान हाम्रो आस्था वा विश्वासको निम्ति किन अपरिहार्य छ?***

# २. वचन देह हुन आयो

**ध्यान दिएर यूहन्ना १:१-३,१४ पढ्नुहोस्। येशू र परमेश्वर आफैंको बारेमा ती पदहरूले हामीलाई के बुझाउन खोजेका छन्? सबै सत्य र आत्मज्ञानहरूमा यो सत्य हाम्रो निम्ति सबभन्दा महत्त्वपूर्ण सत्य किन भएको छ? हेर्नुहोस्: " १ आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। २ उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो। ३ सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन।... १४ अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो।"**

यूहन्नाले आफ्नो सुसमाचार "येशू"को नाउँ लिएर वा उहाँ मसीह ख्रीष्ट हुनुहुन्छ भनेर सुरु गरेनन् तर लोगोस वा वचन भन्ने शब्द प्रयोग गरेर सुरु गरेका थिए। यूहन्नाले लेखेको लोगोस वा वचन भन्ने शब्द त्यस बेलाका विभिन्न दार्शनिकहरूले जगत ब्रम्हाण्डको संरचनालाई व्याख्या गर्न प्रयोग गरेका थिए। त्यसलाई तर्क र वौद्धिक बिचारबिमर्सको निम्ति पनि प्रयोग गर्दथे।

पौराणिक ग्रीकका प्रभावशाली दार्शनिक प्लेटोले वास्तविकतालाई दुई क्षेत्रमा विभाजन गरेका थिए। यउटा स्वर्गिय र अपार क्षेत्र जहाँ पूरा शिद्ध र कुनै त्रुटीरहित क्षेत्रको अस्तित्व हुन्छ। अर्कोचाहीं पार क्षेत्र, नाश हुने, परिवर्तनशील र माथिको शिद्धतालाई प्रतिनिधि गर्ने धेरै अशिद्ध क्षेत्र हो। त्यसको अस्तित्व छ कि छैन थाहा नै नभएतापनि छ भनेर विश्वास गरिन्छ। प्लेटोले त्यसको बारेमा कहिल्यै पनि जवाफ दिएनन्। कतिपय दार्शनिकहरूले वचन वा लोगोसलाई कुनै अदृश्य तत्व हो जसले अनन्त र नाश हुने क्षेत्रको मध्यस्थता गर्छ। त्यो पृथ्वीमा भौतिक तत्वद्वारा देखाइएको हुन्छ।

तर यूहन्नाले यो लोगोस वा वचनलाई पूरै फरक तरिकाले प्रयोग गर्दछन्। लोगोस वा येशूलाई औँल्याइएको वचन कुनै आत्मा वा स्वर्ग र पृथ्वीका बीचमा तैरिरहेको तत्व होइन भन्ने सत्यमा यूहन्ना अडिग भएका छन्। लोगोस वा वचन येशू नै हुनुहुन्छ जो देहधारी हुनुभयो वा भौतिक शरीर हुनुभएर हाम्रो बीचमा रहनुभयो (यूहन्ना १:१४)।

यूहन्नाको निम्ति लोगोस वा वचन परमेश्वरकै वचन थियो। अझ महत्त्वपूर्ण त परमेश्वरले हामीसँग आदानप्रदान गर्नुभयो। उहाँले आफ्नै

मौलिकता अपनाउनुभएर हाम्रो माझमा प्रकट हुनुभयो। परमेश्वर नै हामी मध्ये एक हुनुभयो।

यूहन्नाको सुसमाचारमा वचन, लवज वा लोगोसले सनातन परमेश्वरको प्रतिनिधित्व गर्दछ। उहाँ मानव समय र क्षेत्रमा पस्नुभयो, उहाँ बोल्नुभयो, क्रियाशील हुनुभयो र व्यक्तिगत रूपमा मानव प्राणीसँग अन्तर्क्रिया गर्नुभयो र घुलमिल गर्नुभयो। अनन्त तथा सनातन परमेश्वर मानव हुनुभयो। उहाँ हामी मध्ये एक हुनुभयो।

लोगोस वा वचन "देहधारी हुनुभयो र हाम्रो बीचमा रहनुभयो" भनेर यूहन्नाले यूहन्ना १:१४मा जिकिर गर्छन्। त्यसको अर्को अर्थ उहाँ हाम्रो बीचमा पाल टाँग्नुभयो। यूहन्नाले प्रस्थान २५:८को आभास दिन्छ। परमेश्वरले इस्राएलीहरूलाई पवित्रस्थान वा पाल बनाऊ भनेर अऱ्हाउनुभएको थियो। उहाँ तिनीहरूको बीचमा रहन सकून् भनेर त्यो आह्वान गर्नुभएको थियो। त्यही अनुरूप, परमेश्वरको पुत्र येशू मानव अवतार लिनुभएर मानव शरीरमा पस्रिनुभयो। परमेश्वरको महिमालाई उहाँले छोप्नुभयो ताकि मानिसहरू उहाँको सम्पर्कमा आउन सकून्।

***यूहन्नाले यहाँ के लेखेका थिए त्यसको तात्पर्य बुझ्न खोज्नुहोस्। परमेश्वर, सृष्टिकर्ता आफै मानव प्राणी हुनुभयो, हामीमा एक हुनुभयो र हाम्रो बीचमा रहनुभयो। हाम्रो निम्ति मर्नुभयो भन्ने सत्य छलफल नै गरेका छैनौं। ती सबैले मानवता प्रति परमेश्वरको प्रेमको बारेमा के बताउँछ? यस अचम्म लाग्दो सत्यले हामी सबैलाई कसरी सान्त्वना दिन सक्छ?***

## ३. सुन्नु वा त्यो वचन नसुन्ने

**मानिसहरूले येशूका वचनहरू सुन्न वा सुसमाचार सुन्न नचाहने वा बेवास्ता गर्ने कठोर वास्तविकता हामीले मात्र होइन येशू कै चेला यूहन्ना आफैले अनुभव गरेका थिए। यसको ज्वलन्त उदाहरण यूहन्ना १:९-११मा दिएको पढ्नुहोस्: "९ हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा आउँदैहुनुहुन्थ्यो। १० उहाँ संसारमा हुनुहुन्थ्यो, संसार उहाँद्वारा बनियो, तापनि संसारले उहाँलाई चिनेन। ११ उहाँ आफ्नै मानिसहरूकहाँ आउनुभयो, तर उहाँका आफ्ना मानिसहरूले उहाँलाई ग्रहण गरेनन्।"**

यूहन्ना १-१८ को प्रस्तावनामा येशू ख्रीष्ट, जो वचन वा लोगोस को हुनुहुन्छ मात्र भनेर वर्णन गरेको छैनन् तर उहाँ प्रति संसारको धारणा वा

प्रतिक्रिया कस्तो थियो भनेर खुलासा गरिएको छ। उहाँ सच्चा ज्योति वा आत्मज्ञानको प्रकाश हुनुहुन्छ भनेर यूहन्ना १:९मा सम्बोधन गरिएको छ। यस संसारमा जन्मिने प्रत्येक व्यक्तिलाई आत्मज्ञानको ज्योतिले सुसज्जित गर्ने उहाँ नै हुनुहुन्छ भनेर त्यस पदमा लेखिएको छ। सही ज्ञान, दर्शन र विद्यालाई बुझाउन र तिनीहरूमाथि प्रकाश पार्न येशू रूपि ज्योतिको आवश्यक छ। एक फेरा बिलायतका प्रख्यात नास्तिक साहित्यकार सी.एस. लिविस, जो येशूलाई विश्वास गर्नेभएर बाइबलीय शास्त्रका प्रखर विद्वान हुनुभएको थियो, उनले यसरी व्यक्त गरेका छन्: "इसाई धर्ममा म विश्वास गर्छु जसर सूर्य उदय भएको छ भनेर म विश्वास गर्दछु। मैले घामलाई मात्र देख्दिन तर यसबाट सबै थोक देख्दछु।"- *"इज थियोलोजी पोइट्री?"* (सामिज्डेट, २०१४), पृ. १५। यो पुस्तक १९४४मा प्रस्तुत गरिएको थियो।

यूहन्ना १:९मा उल्लेख गरिएको भावना कतिको प्रभावित वा अर्थपूर्ण छ त्यसलाई गहिरिएर हेर्नुहोस्। ज्योति त यस संसारमा जन्मिने प्रत्येक व्यक्तिमा चम्किन्छ। मानिसहरूले येशू रूपि ज्योतिलाई कसरी ग्रहण गरे वा अस्वीकार गरे भनेर यूहन्नाले दिएको मुख्य विषयवस्तु हामी अर्को भागमा हेर्नेछौं। तर त्यो विषयवस्तु यहाँ सुरु गरिन्छ। परमेश्वर र उहाँका सन्तहरूलाई विलाप गराउने भावना त यो छ कि आफ्नै यहूदी जातिहरूका बीचमा मसीह वा उद्धारकर्ता आउनुभयो तर धेरैले उहाँ मसीह हुनुहुन्छ भनेर अङ्गिकार वा स्वीकार गरेनन्।

यही दुःखलाग्दो विषयलाई पावलले रोमी ९-११ मा विस्तृत रूपमा उल्लेख गरिएको छ। परमेश्वरका जनहरू भनेर दावी गर्ने धेरै यहूदीहरूले नै येशूलाई तिरस्कार गरेका थिए। तर पावलले नकारात्मक भावनालाई मात्र व्यक्त गरेर आफ्नो कुरालाई अन्त गर्दैनन्। यथार्थमा धेरै यहूदी र गैर यहूदा वा अन्यजातिहरूले येशू मसीह हुनुहुन्छ भनेर स्वीकार गर्नेछ भन्ने भावना उनले व्यक्त गर्दछन्। गैर-यहूदी वा अन्यजातिहरूले यहूदीको विपक्षमा फुर्ति लाएर नबोल्न पावलले चेतावनी दिन्छन्। उनले यो उल्लेख गर्दछन्, "१३ अब तिमी अन्यजातिहरूलाई भनिरहेछु। अन्यजातिहरूको प्रेरित भएको हुनाले म मेरो सेवालाई महत्त्व दिँदछु, १४ यस आशामा कि मेरो आफ्नै यहूदी जातिलाई डाही बनाउन सकूँ, र तीमध्ये कसै-कसैलाई बचाउन सकूँ। १५ किनकि यदि तिनीहरूको बहिष्कार हुँदा संसारको निम्ति मिलाप भयो भने, के तिनीहरूको पुनःग्रहण मृत्युबाट जीवन पाएको समान होइन र? १६ यदि मुछेको पीठोको

एक अंश प्रथम-भेटीको रूपमा अर्पण गरिएको छ भने, समस्त ढिका पवित्र हुन्छ। यदि जरा पवित्र छ भने हाँगाहरू पनि पवित्र हुन्छन्। १७ तर यदि कुनै हाँगाहरू काटिए र असल जैतूनको जराको रस-भण्डारमा सहभागी हुनलाई तिमी एक जङ्गली जैतून भएर पनि तिनीहरूको ठाउँमा कलमी बाँधियौ भने, १८ ती हाँगाहरूका सामु घमण्ड नगर। यदि घमण्ड नै गर्नु हो भने, यो याद राख, कि जरालाई थाम्ने तिमी होइनौ, तर जराले पो तिमीलाई थाम्छ। १९ तिमी भन्नेछौ, "म कलमी बाँधिन सकूँ भनेर नै हाँगाहरू काटिएका थिए।" २० ठीकै हो, तिनीहरूको अविश्वासले गर्दा नै हाँगाहरू काटिएका हुन्। तिमीहरूचाहिँ तिम्रो विश्वासले मात्र खड़ा छौ। घमण्ड नगर, तर श्रद्धापूर्ण भय राख। २१ किनभने यदि परमेश्वरले स्वाभाविक हाँगाहरूलाई बाँकी राख्नुभएन भनेता तिमीलाई पनि बाँकी राख्नुहुनेछैन। २२ यसकारण परमेश्वरको दया र कठोरतालाई ध्यानमा राख– पतन भएकाहरूमाथि कड़ा व्यवहार, तर उहाँकै दयामुनि रहिरह्यौ भने तिमीलाई परमेश्वरको दया देखाइनेछ, नत्रता तिमी पनि काटिनेछौ। २३ तिनीहरू पनि अविश्वासमा ढीट भएर बसेनन् भनेता कलमी बाँधिनेछन्। किनभने परमेश्वरले तिनीहरूलाई फेरि पनि कलमी बाँध्न सक्नुहुन्छ। २४ किनभने यदि तिमी प्राकृतिक जङ्गली जैतून भएर पनि काटियौ र प्रकृतिको विरुद्ध एउटा असल जैतूनको बोटमा कलमी बाँधियौ भनेता यी प्राकृतिक हाँगाहरू आफ्नै निज जैतूनकै रूखमा झन् कति बढ़ी कलमी बाँधिएलान्। २५ भाइ हो, आफ्नै अभिमानमा तिमीहरू बुद्धिमान् हुन खोज्छौ कि भनेर तिमीहरू यो रहस्य बुझ भन्ने म चाहन्छु, कि अन्यजातिहरूको संख्या पूर्ण नभएसम्म इस्राएलीहरूको एक अंशमा कठोरता आएको छ। २६ यसरी सारा इस्राएलको उद्धार हुनेछ, जस्तो लेखिएको छः "उद्धारक सियोनबाट आउनुहुनेछ, उहाँले याकूबबाट अधर्म हटाउनुहुनेछ।" २७ "अनि तिनीहरूसँग मेरो करार यही हुनेछ, जब म तिनीहरूका पाप हरण गर्नेछु।" २८ सुसमाचारको हिसाबले त तिनीहरू तिमीहरूका खातिर परमेश्वरका शत्रुहरू हुन्, तर चुनाउको हिसाबले चाहिँ पूर्वजहरूका खातिर तिनीहरू प्रियहरू हुन्।" रोमी ११:१३-२८।

यही भावनालाई समर्थन गर्दै यूहन्नाले भन्छन् कि येशूलाई मुक्तिदाता भनेर ग्रहण गर्ने सबै परमेश्वरका छोराछोरी वा सन्तान हुन्छन्। यो स्तरमा त्यसबेला पुगिन्छ जब मानिसले उहाँको नाउँमा विश्वास गर्छ (यूहन्ना १:१२,१३)।

यहाँ नै यूहन्नाको पुस्तकको प्रस्तावनासँग यसको निश्कर्षको पनि सम्बन्ध गाँसिएको पाइन्छ। आफूले यूहन्नाको पुस्तक किन लेखे भनेर उनले यूहन्ना २०:३१मा उल्लेख गर्छन्-येशू नै उद्धारकर्ता परमेश्वरको पुत्र हुनुहुन्छ भनेर तिमीहरूले विश्वास गरुन् ताकि उहाँको नाउँमा विशवास गरेर तिमीहरूले जीवन पाऊन्। यसले गर्दा प्रस्तावना र निश्कर्षमा एकता भएको पाइन्छ। येशूको बारेमा विभिन्न धारणाहरू यस पुस्तकमा समेतिएको छ। प्रस्तावना र निश्कर्षको बीचमा भएको सम्बन्धले यूहन्नाको सुसमाचारको लक्षलाई माथ गरेको छ-त्यो हो येशू ख्रीष्टलाई मानिसहरूले आफ्नो मुक्तिदाता भनेर अङ्गिकार वा स्वीकार गरियो भने तिनीहरूले मुक्ति पाउनेछन् र अहिले नै अर्थमूलक जीवन बिताउन येशूले शक्तिसम्पन्न गराउनुहुनेछ।

***तपाईं परमेश्वरको छोरा वा छोरी हुनुभएर तपाईंको जीवन कसरी परिवर्तन भएको छ?***

## ४. विश्वास गर्ने र नगर्ने विषयवस्तुहरू बारम्बार देखा पर्दछ

**प्रस्तावनामा येशूलाई विश्वास गर्ने र नगर्ने विषयवस्तु देहायका पदहरूले कसरी बताउँदछन्? हेर्नुहोस्, " १६ "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। १७ किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो। १८ जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिँदैन, तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन। १९ फैसलाचाहिँ यही होः ज्योति संसारमा आएको छ, र मानिसहरूले ज्योतिभन्दा बरु अन्धकारलाई रुचाए, किनकि तिनीहरूका काम दुष्ट थिए। २० किनभने दुष्ट काम गर्ने हरेकले ज्योतिलाई घृणा गर्छ, र ज्योतिमा आउँदैन, नत्रता त्यसका काम प्रकट हुनेछन्। २१ सत्यद्वारा जिउने मानिस ज्योतिमा आउँछ, र यसरी उसले गरेका कामहरू परमेश्वरमा गरिएका हुन् भन्ने प्रस्टै देखिन्छ।" यूहन्ना ३:१६-२१, "१३ अघि अन्धो हुने त्यस मान्छेलाई तिनीहरूले फरिसीहरूकहाँ ल्याए। १४ जुन दिन येशूले माटोको लेप बनाएर त्यसका आँखा खोलिदिनुभएको थियो त्यो शबाथ-दिन थियो। १५ फरिसीहरूले त्यसलाई सोधे, "तँ कसरी देख्ने भइस्?" त्यसले तिनीहरूलाई भन्यो, "उहाँले मेरा आँखामा माटोको लेप लगाइदिनुभयो,**

अनि मैले पखालें र देख्ने भएँ।" १६ फरिसीहरूमध्ये कुनै-कुनैले भने, "त्यो
मानिस परमेश्वरबाट आएको होइन, किनकि त्यसले शबाथ-दिन पालन गर्दैन।"
तर अरूहरूले भने, "कसरी पापी मानिसले यस्ता चिन्हहरू गर्न सक्तछ?" र
तिनीहरूका बीचमा फाटो हुन गयो। १७ तिनीहरूले त्यस अन्धालाई फेरि सोधे,
"उसले तेरा आँखा खोलिदिएछ, अब उसको विषयमा तँ के भन्छस्?" त्यसले
जवाफ दियो, "उहाँ अगमवक्ता हुनुहुन्छ।" १८ दृष्टि पाउने मानिसका
आमाबाबुलाई बोलाएर नसोधुञ्जेल यहूदीहरूले त्यो अन्धो थियो र देख्ने भयो
भनेर विश्वास गरेनन्। १९ तब तिनीहरूले उनीहरूलाई सोधे, "के यो
तिमीहरूको छोरो हो जो अन्धो जन्मेको थियो भनी तिमीहरू भन्छौ? त अब
कसरी त्यो देख्न सक्ने भयो?" २० त्यसका आमा-बुबाले तिनीहरूलाई भने,
"हामी जान्दछौं यो हाम्रो छोरो हो, र अन्धो जन्मेको थियो। २१ तर अब यो
कसरी देख्ने भयो हामी जान्दैनौं, अथवा यसका आँखा कसले खोलिदिए त्यो पनि
हामी जान्दैनौं। यसको उमेर पुगेको छ, यसैलाई सोध्नुहोस्। आफ्नो विषयमा
त्यो आफै बोल्नेछ।" २२ त्यसका आमा-बुबाले यी कुरा भने, किनकि उनीहरू
यहूदीहरूदेखि डराउँथे। किनभने कसैले उहाँलाई ख्रीष्ट भनी स्वीकार गऱ्यो भने,
त्यसलाई सभाघरबाट निकाल्नुपर्छ भनी यहूदीहरू अघि नै सहमत भएका थिए।
२३ यसैकारण त्यसका आमा-बुबाले भने, "यसको उमेर पुगेको छ, यसैलाई
सोध्नुहोस्।" २४ तब तिनीहरूले त्यस अन्धो मानिसलाई दोस्रो पल्ट बोलाएर
भने, "परमेश्वरलाई महिमा दे। हामी जान्दछौं यो मान्छे पापी हो।" २५
त्यसले जवाफ दियो, "उहाँ पापी हुनुहुन्छ कि हुनुहुन्न, म जान्दिनँ। एउटै कुरा
मात्र म जान्दछु कि म अन्धो थिएँ, तर अब देख्दछु।" २६ तब तिनीहरूले
त्यसलाई भने, "उसले तँलाई के गऱ्यो? उसले तेरा आँखा कसरी खोलिदियो?"
२७ त्यसले तिनीहरूलाई जवाफ दियो, "मैले तपाईंहरूलाई अघि नै भनिसकें, तर
तपाईंहरूले सुन्नुभएन। अब फेरि किन सुन्न चाहनुहुन्छ? तपाईंहरू पनि उहाँका
चेला हुन चाहनुहुन्छ कि कसो?" २८ तिनीहरूले त्यसलाई गाली गर्दै भने, "तँ
पो उसको चेला होस्, तर हामी त मोशाका चेला हौं। २९ हामीलाई थाहा छ
मोशासँग परमेश्वरले बोल्नुभएको थियो, तर हामीलाई थाहा छैन यो मानिसचाहिँ
कहाँको हो।" ३० त्यस मानिसले जवाफ दिई तिनीहरूलाई भन्यो, "कस्तो
विचित्र कुरो! उहाँ कहाँबाट आउनुभएको हो तपाईंहरू जान्नुहुन्न, तर मेरा आँखा
उहाँले खोलिदिनुभयो। ३१ हामी जान्दछौं कि परमेश्वर पापीहरूका कुरा
सुन्नुहुन्न, तर परमेश्वरको भय मान्ने र उहाँको इच्छा पालन गर्ने व्यक्तिको कुरा

परमेश्वरले सुन्नुहुन्छ। ३२ संसार सुरु भएदेखि यसो जन्मैको अन्धाका आँखा कसैले खोलिदिएको कुरा कहिल्यै सुनिएन। ३३ यदि यी मानिस परमेश्वरबाट नआउनुभएको भए उहाँले केही गर्न सक्नुहुनेथिएन।" ३४ तिनीहरूले त्यसलाई जवाफ दिई भने, "तँ त बिलकुलै पापमा जन्मेको थिइस्, र के अब तँ हामीलाई सिकाउन चाहन्छस्?" अनि तिनीहरूले त्यसलाई बाहिर निकालिदिए। ३५ तिनीहरूले त्यसलाई बाहिर निकालिदिए भन्ने येशूले सुन्नुभयो, र त्यसलाई भेट्टाएर भन्नुभयो, "के तिमी मानिसको पुत्रमाथि विश्वास गर्दछौ?" ३६ त्यसले जवाफ दिई भन्यो, "प्रभु, उहाँ को हुनुहुन्छ? म उहाँमाथि विश्वास गर्नेछु?" ३७ येशूले त्यसलाई भन्नुभयो, "तिमीले उसलाई देखेका छौ, अनि तिमीसँग बोल्ने उही नै हो।" ३८ तब त्यसले भन्यो, "प्रभु, म विश्वास गर्दछु", र त्यसले उहाँलाई दण्डवत् गऱ्यो। ३९ अनि येशूले भन्नुभयो, "म न्यायको लागि यस संसारमा आएँ, कि नदेख्नेहरूले देखून् र देख्नेहरूचाहिँ अन्धा होऊन्।" ४० यी कुरा सुनेर उहाँका नजिकै हुने फरिसीहरूमध्ये कुनै-कुनैले उहाँलाई भने, "के हामी पनि अन्धा हौं त?" ४१ येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू अन्धा भए ता पापको दोषी हुनेथिएनौ, तर तिमीहरू 'हामी देख्छौं' भन्दछौ, यसकारण तिमीहरूको पाप रहिरहन्छ।" यूहन्ना ९:१३-४१ र " ३४ भीड़ले उहाँलाई सोध्यो, "ख्रीष्ट सदासर्वदा रहनुहुन्छ भन्ने व्यवस्थाबाट हामीले सुनेका छौं। तपाईं कसरी भन्न सक्नुहुन्छ, मानिसको पुत्र उचालिनैपर्छ? यो मानिसको पुत्रचाहिँ को हो?" ३५ येशूले तिनीहरूलाई भन्नुभयो, "अझ अलि बेरसम्म ज्योति तिमीहरूसँग छ। ज्योति तिमीहरूसँग छउञ्जेल हिँड्डुल गर, ताकि अन्धकारले तिमीहरूलाई नढाकोस्। कोही अन्धकारमा हिँड्डुल गर्छ भने, त्यसले आफू कहाँ गइरहेछु, सो थाहा पाउँदैन। ३६ जबसम्म ज्योति तिमीहरूसँग छ ज्योतिमा विश्वास गर, र तिमीहरू ज्योतिका सन्तान होओ।" यी कुरा भन्नुभएपछि, येशू त्यहाँबाट जानुभयो, र तिनीहरूबाट लुकेर बस्नुभयो। ३७ उहाँले तिनीहरूका सामुन्ने यतिका चिन्हहरू गर्नुभएको थियो, तापनि तिनीहरूले उहाँमाथि विश्वास गरेनन्। ३८ यो आवश्यक थियो, कि यशैया अगमवक्ताको वचन पूरा होस्, "हे परमप्रभु, हाम्रो सन्देश कसले विश्वास गऱ्यो? अनि परमप्रभुको बाहुबल कसलाई प्रकट गरियो?" ३९ यसकारण तिनीहरूले विश्वास गर्न सकेनन्, किनभने यशैयाले फेरि यसो भनेका छन्, ४० "उहाँले तिनीहरूका आँखा बन्द गरिदिनुभएको छ, र तिनीहरूका हृदय कठोर पारिदिनुभएको छ, यसरी तिनीहरूले आँखाले नदेखून्, अनि हृदयले नबुझून्, नत्रता तिनीहरू फर्कनेछन् र मैले तिनीहरूलाई निको

**पार्नुपर्छ।" ४१ यशैयाले यी कुरा भने, किनकि तिनले उहाँको महिमा देखे, र उहाँको विषयमा भने। ४२ तरै पनि शासकहरूमध्ये धेरैले उहाँमाथि विश्वास गरे, तर फरिसीहरूको डरले गर्दा, र तिनीहरूले सभाघरबाट निकालिदिन्छन् भन्ने डरले त्यो स्वीकार गरेनन्। ४३ किनभने परमेश्वरको प्रशंसाभन्दा मानिसको प्रशंसा तिनीहरू बढ़ी रुचाउँथे। ४४ येशूले उच्च स्वरले भन्नुभयो, "मलाई विश्वास गर्नेले मलाई होइन, तर मलाई पठाउनुहुनेमाथि विश्वास गर्दछ। ४५ जसले मलाई देख्तछ, त्यसले मलाई पठाउनुहुनेलाई देख्तछ। ४६ म संसारमा ज्योति भएर आएको छु, ताकि ममाथि विश्वास गर्ने अन्धकारमा नरहोस्। ४७ "कसैले मेरा वाणी सुन्छ, र ती पालन गर्दैन भने, म त्यसको न्याय गर्दिनँ। किनभने म संसारको न्याय गर्न आएको होइनँ, तर संसारलाई बचाउन आएको हुँ। ४८ मलाई इन्कार गर्ने र मेरा वाणी ग्रहण नगर्नेको लागि एक जना न्यायाधीश छन्। जो वचन मैले बोलें त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ। ४९ किनभने मैले आफ्नै तर्फबाट बोलिनँ, तर मैले के भन्नुपर्ने हो, र के बोल्नुपर्ने हो, मलाई पठाउनुहुने पिता आफैले मलाई आज्ञा दिनुभएको छ। ५० म जान्दछु, कि उहाँको आज्ञा अनन्त जीवन हो। यसकारण म जे बोल्दछु, पिताले मलाई भन्नुभएअनुसार बोल्दछु।" यूहन्ना १२:३४-५०।**

मानव जगत दुई भागमा विकेन्द्रिकरण भएर विभाजित भएको यूहन्नाको सुसमाचारमा हामी देख्छौंः येशूलाई विश्वास गरेर उहाँ नै मसीह हुनुहुन्छ भनेर स्वीकार गर्ने समूह र जसले उहाँलाई विश्वास गर्ने अवसर पाएतापनि उहाँलाई विश्वास नगर्ने निर्णय समूह।

एघार चेलाहरू पहिलो समूहमा छन्। अरूहरूमा यहूदी धर्मका पण्डित निकोदिमस जो विस्तारै उहाँलाई विश्वास गरेका थिए, इनारमा येशूसँग बार्तालाभ गर्ने स्त्री र जन्मैदेखि अन्धो भएको मानिस। अर्को समूहमा फरिसी, मूल पुजारी, धर्मशास्त्रका पण्डित, धर्मगुरु, येशूले ५०००लाई ख्वाउनुभएतापनि उहाँलाई विश्वास नगर्ने र येशूकै चेला भनेर खोल ओढ्ने यहूदा इस्कर्योती।

ग्रीक शब्द पिस्तिस *pistis* नाम, विश्वास वा आस्था यूहन्नाको पुस्तकमा कहीँ पनि देखा नपरेको रोचक नै मान्नुपर्छ। तर विश्वास गर्नु भन्ने ग्रीक भाषाको पिसिइयो *piseuo* क्रियापद ९८ पल्ट देखा पर्दछ। पूरै नयाँ करारमा २४१ पल्ट यो शब्द देखा परेको छ। यो क्रियापद यूहन्नाको पुस्तकमा अत्यन्तै ठूलो विषयवस्तु हो। येशूलाई सक्रिय रूपमा विश्वास गर्न उपयोग गरिएको नाम विश्वासभन्दा क्रियापदमा प्रयोग गरिएको विश्वास गर्नुले

उहाँलाई विश्वास गर्दा मानिसको जीवन कस्तो हुन्छ वा हुनुपर्छ भनेर देखाउँछ। येशूलाई विश्वास गर्नु भनेको अर्थ केवल विश्वासको आधार वा शिक्षालाई मात्र विश्वास गर्नु होइन तर सक्रिय रूपमा नै हामी कसरी जिइरहेकाछौं भनेर देखाउँछ। हामीलाई थाहा छ सैतान र उसका मतियारहरूले येशूलाई विश्वास गर्छन् (याकूव २:१९) (अर्थात् केवल विश्वासको आधारमा मात्रै मानिस परमेश्वरको राज्यमा पस्न सक्दैन तर त्यस विश्वासलाई कसरी कार्यान्वयन गरे वा गरिरहेको छ त्यसले उहाँको राज्यमा सहभागी गराउँछ। यो मत्ती ७:२१ले पनि पुष्टि गर्दछ-अनुवादकको थप)।

ती दुई समूहले येशूसँग कसरी सम्बन्ध छ त्यो नै तिनीहरूलाई मुख्य अलग गर्दछ। विश्वासीहरू वा जो येशूकहाँ सच्चा हृदयले आउँछन् तिनीहरूको हृदय उहाँ प्रति खुला राखेको हुन्छ। उहाँले तिनीहरूलाई हप्काएतापनि वा उहाँसँग सामना गरेतापनि उहाँका वचनहरूलाई चपाउन सकेको हुन्छ। तिनीहरू जुनसुकै परिस्थितिमा पनि येशूकहाँ आउँछन् र तिनीहरू उहाँबाट भाग्दैनन्। अनि उहाँलाई विश्वास गर्दा वा उहाँ प्रति आस्थावान हुँदा तिनीहरू परमेश्वरका सन्तान हुन्छन्।

येशूलाई विश्वास नगर्ने वा गर्न नचाहने समूह पनि उहाँकहाँ आउँछन् तर उहाँसँग झगडा, बादविवाद, तर्कबेतर्क गर्न र उहाँ तिनीहरूको प्रतिद्वन्धी हुनुहुन्छ भन्ने मिजास लिएर आउँछन्। ती मानिसहरू ज्योति वा आत्मज्ञानलाई मन पराउने भन्दा अन्धकार वा आत्मज्ञानलाई दवाइ राख्ने भनेर चित्रण गरेका छ। उहाँका वचनहरू तिनीहरूलाई पचाउन धेरै गाऱ्हो हुन्छ, सनातनदेखि चलिआएका परम्परा, विधि, संस्कारलाई तोड्ने व्यक्ति भनेर उहाँलाई पूर्वाग्रहको रूपमा हेर्दछन् र उहाँको सरासर विरोध गर्छन्। तिनीहरूको चाहना वा तिनीहरूले अपेक्षा गरेको लक्षलाई उहाँले पूरा गर्न नसक्दा तिनीहरूले उहाँलाई तगारोको रूपमा हेर्दछन्। तिनीहरू उहाँको खिलाफमा न्याय गर्छन् वा आलोचना गर्छन्। उहाँको ज्ञानको ज्योति वा आत्मज्ञानले उहाँलाई तिनीहरूले मूल्याङ्कन गर्दैनन्। यो मनस्थिति नयाँ करारमा जतातते फैलिएको पाइन्छ। त्यस मनस्थिति विशेष गरेर धार्मिक अगुवा वा धर्मशास्त्रको विज्ञ अर्थात् पण्डित र धर्मगुरुहरूमा पाइएको छ। राष्ट्रलाई धार्मिकतामा अगुवाइ गर्ने ती व्यक्तिहरूले नै पहिले येशूलाई चिन्नु पर्ने वा ग्रहण गर्नु पर्ने हो, तर त्यसो भएन न त अहिले पनि भइरहेको छ।

*तपाईंले येशूलाई विश्वास गर्नुहुन्छ भन्ने सबुद प्रमाण कसरी दिइरहनुभएको छ? येशू मसीह हुनुहुन्छ भनेर केवल औपचारिक रूपमा वा वौद्धिक रूपमा मात्र मान्ने तर व्यवहारमा उतार्न नैतिक दायित्व नभएको संस्कारबाट तपाईं कसरी उम्किने? यो थाहा पाउन किन महत्वछ? यस मामिलामा येशू आफैले यसरी ठोकुवा गर्नुभएको छ," २१ "मलाई 'प्रभु, प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन्। स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ। २२ त्यो दिन धेरैले मलाई भन्नेछन्, 'प्रभु, प्रभु, के हामीले तपाईंको नाउँमा अगमवाणी बोलेनौं? तपाईंको नाउँमा भूतहरू धपाएनौं। र तपाईंको नाउँमा अनेक शक्तिशाली काम गरेनौं र?' २३ अनि म तिनीहरूलाई सफासँग भन्नेछु, 'मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ। ए अधर्म काम गर्नेहरू हो, मबाट दूर हो।"मत्ती ७:२१-२३।*

## ५. देखा परिरहने विषयबस्तुहरू- महिमा, परमेश्वरको इज्जत थाम्ने, उहाँको श्रेयलाई स्वीकार्ने

यूहन्ना १७:१-५ पढ्नुहोस्। "पिता, समय आयो; तपाईंको पुत्रको महिमा गर्नुहोस् ताकि उनले तपाईंको महिमा गरुन्, भने येशूले गर्नु भएको बिन्तिको अर्थ के हो? हेर्नुहोस, "१ यी कुरा भनिसक्नुभएपछि येशूले स्वर्गतिर आँखा उचाली भन्नुभयो, "हे पिता, समय आइपुगेको छ, तपाईंका पुत्रको महिमा प्रकट गर्नुहोस्, र पुत्रले तपाईंको महिमा प्रकट गरोस्। २ किनकि तपाईंले उसलाई सबै मानिसमाथि अधिकार दिनुभएको छ, ताकि तपाईंले उसलाई दिनुभएका सबैलाई उसले अनन्त जीवन देओस्। ३ अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून्। ४ जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरी तपाईंलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु। ५ अब हे पिता, संसारको सृष्टि हुन अघि तपाईंको सम्मुख मेरो जुन महिमा थियो, त्यसैले आफ्नो उपस्थितिमा मलाई महिमित पार्नुहोस्।"

अघिल्लो अध्यायमा येशूको बारेमा सांसारिक धारणा हेरियो। यो धारणा यूहन्नाले प्रस्तुत गरेका थिए। येशू को हुनुहुन्छ भनेर उहाँले देखाउनु भएको र उहाँले के गर्नुभयो भन्ने गतिविधीमा मानिसहरूको अन्तर्क्रिया र द्वन्द्वलाई यूहन्नाले लेखेका थिए। यस अध्ययनमा ईश्वरीय गतिविधीमा ध्यान

दिनेछौं। यूहन्नाले जगत ब्रम्हाण्डको कथासँग जोडिएको विवरण प्रस्तुत गरेको हामी नियाल्नेछौं।

प्रस्तावनामा नै परमेश्वरकोबारेमा कथा सुरु भएको थियो। येशू सनातन परमेश्वरको ईश्वरीय पुत्र हुनुहुन्छ भनेर प्रस्तुत गरिएको छ। उहाँ सारा जगतका सृष्टिकर्ता हुनुहुन्छ भनेर औंल्याइएको थियो। कुनै अस्तित्वमा नभएको थोक येशूद्वारा नै अस्तित्वमा आएको थियो। यूहन्नाले यसरी व्यक्त गर्दछन्, "सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन।" यूहन्ना १:३। उहाँको महिमा र यश उहाँ मानव अवतार लिनुभएको बेलामा हुन पुगेको थियो (यूहन्ना १:१४)। यूहन्नाले महिमा वा ग्लोरी *glory* भन्ने शब्द प्रयोग गरिएका छन्। ग्रीक भाषामा डोक्सा doxsa हो। यसको अर्थ चम्किलो, वैभव, प्रख्यात, आदर, सम्मान हुन्, र महिमा गर्नुहोस् वा ग्लोरिफाइ glorify भनिएको छ। यो ग्रीक भाषामा डोक्साजो doxsazo हो जसको अर्थ स्तुतिप्रशंसा, आदर, कदर, सम्मान, जयध्वनी गाउनु र महिमा अर्थात् उहाँको इज्जत थम्याउनु हुन्। यी आदर सम्मान मानिसहरूबाट र परमेश्वरबाट पाउने इज्जत हो।

यूहन्नाको पुस्तकमा येशूलाई महिमा गर्ने भन्ने धारणा उहाँको समयको अवधारणासँग जोडिएको छ। अर्थात् उहाँको मृत्युले उहाँको महिमा गर्दछ रे (यूहन्ना २:४, यूहन्ना ७:२०, यूहन्ना १२:२३-२७, यूहन्ना १३:१,यूहन्ना १५:३२, यूहन्ना १७:१)। क्रूस नै उहाँको महिमाको घडी थियो।

यो धारणा आफै विरोधाभासपूर्ण छ। पौराणिक रोममा कसैलाई क्रूसमा टाँगिनु भनेको अत्यन्तै लज्वास्पद र हेपिएको मृत्यु दण्ड थियो। येशूले पाउनुभएको दण्ड अत्यन्तै नमिल्दो छ। परमेश्वर नै क्रूसमा झुण्डिनुभएको अरे! यसले मानव कथासँग परमेश्वरको चाल बुनिएको पाइन्छ।

मानवीय स्तरमा येशू वेदना र पीडादायी भएर मर्नुभएको थियो। उहाँ सबैले तिरस्कार गरेको अपराधी हुनुभएको थियो। उहाँको कमजोरमा उहाँले यसरी चित्कार गर्नुभएको थियो, "मेरा परमेश्वर, मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभयो?" क्रूसमा चित्कार गर्नुभएको येशूको यो अन्धकारमय क्षणलाई मत्ती र मर्कूसले लेखेका छन् (मत्ती २७:४६, मर्कूस १५:३४)। तर क्रूसका महिमित पक्ष विशेष गरेर लूका र यूहन्नाले प्रस्तुत गरेका छन् (लूका २३:३२-४७, यूहन्ना १९:२५-३०)। यो मुक्ति, दया, प्रेमको थलो हो जहाँ परमेश्वरको पुत्र आफैले आफैलाई पितालाई सुम्पनुहुन्छ।

यो कस्तो विरोधाभास अवधारणा हो? परमेश्वरको महान् महिमा, इज्जत, यश सबभन्दा लज्जास्पद घडीमा प्रकट भएको थियो। त्यस घडीमा परमेश्वरले सारा संसारका पापहरू बोक्नुभएको थियो।

***परमेश्वरले अचाक्ली कदम चाल्नुभएको अर्क के हो? हामीलाई पापबाट बचाउन परमेश्वर आफै क्रूसमा टाँगिनुभयो। पाप आफै कतिको दुष्ट र खराब रहेछ भनेर त्यसले कसरी बताउँछ?***

## उपसंहारः

**थप जानकारीः द डिजाएर अभ एजेज, पृ. १९-२६को "गड विथ अस।"**

**"हाम्रो प्रभु येशू ख्रीष्ट परमेश्वरको ईश्वरीय पुत्र सनातनदेखि अस्तित्वमा थिए। उहाँ भिन्न हुनुहुन्यो, तैपनि पितासँग एक हुनुहुन्छ। स्वर्गको कुनै यश वा महिमाभन्दा उहाँको यश र महिमा अपारको थियो। उहाँ स्वर्गका बुद्धिजीविहरूको नाइके व सेनापति हुनुहुन्थ्यो, र स्वर्गदूतहरूले उहाँलाई अभिवाद टक्र्याउनु त्यो लिने उहाँको अधिकार थियो। यो परमेश्वरको महिमालाई लुट्नु होइन (हितोपदेश ८:२२-२७)।**

"**यस** पृथ्वीका जग बसालिनुभन्दा अघि **येशू** ख्रीष्ट परमेश्वर पितासँग एक हुनुहुन्छ भन्ने धारणा दिव्यज्योतिमय र महिमित सत्य हो। यो नै अन्धकारमा ज्योति चम्किरहने हो। यो ज्योति दैविक शक्तिले उज्ज्वल भएको छ। यो कुनै पछि पाएको महिमा होइन, यो मौलिक सत्य उहाँको आफ्नै हो। यो सत्य अनन्तसम्मको रहस्य आफै हो। यसले अरू रहस्यहरूको पनि खुलासा गर्दछन्। नभएदेखि कतिपय व्याख्या गर्न नसक्ने सत्यहरू त्यसै बिलाएर जान्थे। तर यो सत्य मानिसको पहुँचभन्दा ज्योति र बुझ्न नसक्ने गरि सजिएको छ।"-*एलेन जी. ह्वाइट कमेन्टस्, द सेभेन्थ-डे एडभेन्टस्ट बाइबल कमेन्टरी,* ठेली ५, पृ. ११२६।

"येशूले भन्नुभयो, यदि यस पृथ्वीबाट मलाई उचालियो भने सबै मानिसहरूलाई म तान्नेछु।' यूहन्ना १२:३२। पापीको निम्ति येशू मर्नुभएको भन्ने सत्यज्ञान मानिसहरूको सामु प्रकट गर्नैपर्छ। उहाँ केवल एक जनाको निम्ति मात्र होइन सारा संसारका पापहरूको निम्ति बलिदान हुनुभएको थियो। कलभरीको क्रूसमा परमेश्वरको थुमालाई जहा हामी हेर्छौं तब मुक्तिको योजनको रहस्य हाम्रो दिमागमा उजागर हुन थाल्छ। परमेश्वर कतिको असल हुनुहुन्छ भन्ने आतमज्ञानले हामीलाई पश्चात्ताप गर्न अगुवाइ गर्दछ। पापीहरूका

पापको निम्ति मर्नुभएको येशूले ख्रीष्टको प्रेमलाई बुझ्न मानव बौद्धिक ज्ञानभन्दा बाहिरको छ। जब पापीले उहाँको प्रेमलाई हेर्दछ तब उसको हृदय पग्लन्छ। जब मानिसले आफू सुधार गर्न र ठिक हुन प्रयास गर्दछ तब उसलाई ख्रीष्टको शक्तिले तानीरहेको हुन्छ। उसको चेतनामा उसलाई असल व्यक्ति बनाउने जे जे प्रभावहरूले काम गरिरहेको हुन्छ त्यसले गर्दा उसको विवेक जाग्दछ र उसको बाहिरी आचरण सुधारिन्छ। जब ख्रीष्टले उहाँको क्रूसतिर मानिसहरूले आँखा गाडून् भनेर आह्वान गर्नुहुन्छ तब तिनीहरूले तिनीहरूका पापले गर्दा उहाँलाई छेडिएको महसुस गर्नेछन्। परमेश्वरका आज्ञाहरू तिनीहरूको विवेकमा चम्किन थाल्छ।"एलेन जी. ह्वाइट, *द स्टेप्स टु क्राइष्ट,* पृ. २६,२७।

**चिन्तनमनन:**

अ. **सृष्टिमा येशूको भूमिकासँग गाँसिएर यूहन्नाले येशूको चर्चा किन गर्दछन्? धर्मज्ञान वा हाम्रो सिद्धान्तमा सृष्टिको अवधारणा किन महत्त्व रहेछ भनेर त्यसले हामीलाई कसरी बताउँछ? त्यसले गर्दा बाइबलमा प्रकट गरिएको सृष्टको विवरण प्रति ठिक ज्ञान हुनु किन जरुरी रहेछ?**

आ. **संसारलाई सृष्टि गर्नुहुने सनातन सृष्टिकर्ताको सट्टामा सृष्टि गरिएको जीव मऱ्यो भने क्रूसको यथार्थ अर्थ के हुनेथियो होला? येशू सनातन परमेश्वर हुनुहुन्छ भन्ने विश्वासलाई हामी गुमायौं भने हामीले के गुमाउने रहेछ?**

## कथा ३
## साबथमा रोपेको बिउ

एक दिन एक जना अमेरिकन आदिवासी एउटा भवन निर्माण गरिरहेको ठाउँमा निर्माणकर्ताहरूलाई सोधे, "तपाईंहरूले यहाँ के बनाउँदै हुनुहुन्छ?" अमेरिकाको वाशिङ्गटन राज्यको वापाटो सहरमा केही स्वयंम सेवकहरूले अल नेशनस् सेन्टर भवनको जग बसाल्दै थिए। त्यस आगन्तुकले त्यहाँ चर्च बनिरहेको थाहा पाएर भने, "अर्को चर्च? तपाईंहरूलाई कुन दिन पवित्र मान्नुपर्छ भन्ने नै थाहा छैन।"

भवन निर्माणकर्ताको नाइके जेफ वेयोनले यस आगन्तुकसँग कुराकानी गर्न थाले। यस मानिसलाई सेभेन्थ-डे एडभेन्टिस्टको बारेमा केही थाहा थिएन। नयाँ चर्च आइतबारमा आराधना गर्न निर्माण गर्न लागेको भनेर त्यस आगन्तुकले सोचेको थियो। तर त्यस आगन्तुकले विश्वास गरेको थियो कि सृष्टिकर्ताको आराधना शनिबार गर्नुपर्छ।

जेफ छक्क परे। अन्तर्वार्ताको क्रममा उनले बताए, "आदिवासी अमेरिकनलाई साबथ पालन गर्ने इतिहास थाहा भएको मैले पहिलो पल्ट सुनें।"

पछि जेफले आदिवासी अमेरिकनको इतिहास थाहा पाउने इतिहासविदसँग सोधपूछ गरे। वापोटो क्षेत्रमा रहेको आदिवासी याकिमा इन्डियन रिजर्भेशन अर्थात् आरक्षित ठाउँका एक वा दुई जातिहरूले परम्परा अनुसार सातौं दिन सृष्टिकर्ताको दिन भनेर विश्वास गरेकोले त्यस दिनमा उहाँको आराधना गर्दछन् भनेर त्यस इतिहासकारले जेफलाई बताए।

आदिवासीकै हृदयमा परमेश्वरले साबथको सन्देश रोप्नुभएको थियो भनेर थाहा पाएपछि जेफ र उनकी श्रीमती टेरी उत्साहित भए। तिनीहरू आदिवासी अमेरिकनहरूको बिचमा सुसमाचार सुनाउने टोली वा मिसन आउटरिचका थिए।

सन् १९९० मा उब्रिएको तेऱ्हौ साबथको भेटीले आउट रिच कार्यक्रम सुरु भएको थियो। त्यस कार्यक्रमको मुख्य योजना अल नेशनस सेन्टर भवन बनाउने थियो। त्यो भवन २००१मा निर्माण भएको थियो। त्यहाँ विभिन्न कार्यक्रमहरू गर्न बहुउद्देश्य विभागहरू थिए। यहाँ आराधना गर्ने ठाउँ थियो जहाँ साबथ विहान आराधना गरिन्छ, त्यहाँ भान्सा घर थियो जहाँ खाजाहरू दिइन्छन्, मातृ दिवसमा ३००-खाना ४०० मानिसहरूलाई दिउँसो

खाजा ख्वाउँछन्। त्यस भवनमा भलीबल र बास्केटबल खेल्ने रङ्गशाला पनि छ जहाँ बेलुका कमसेकम २०० बालबालिकाहरू र बाबुआमाहरू खेल खेल्छन्। त्यस बहुउद्देश्य भवनमा दिउँसो शिविर गर्ने, भ्याकेशन बाइबल स्कुल सञ्चालन गर्न र स्कुलपछि ट्युशन सिकाउन कोठाहरू छन्।

आदिवासी र अरूहरूले पनि त्यस भवन भाडामा लिएर आफ्ना कार्यक्रमहरू चलाउन सक्छन्। "स्थानीय समूदाय भेला हुने ठाउँ नभएकोले हामीले यो भवन बनाएका थियौं," जेफले भने।

एक जना आदिवासी अमेरिकन अगुवाले त्यस भवनलाई स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने ठाउँ रोजेका थिए। उनका मानिसहरू क्यासिनो वा जुवा तास खेलेर आफ्नो जीवन बरवाद गरिरहेका थिए। "यस बहुउद्देश्य भवनसँग क्यासिनोको केही सम्बन्ध नभएकोले यो भवन गवाहीको रूपमा रहेको छ," भनेर जेफले सुनाए।

त्यो भवन सांस्कृतिक रूपमा संवेदनशील भएकोले यस भवनको अवधारणाले सफलता पाएको थियो। क्यानाडा समेट अरू ठाउँहरूमा यही भवनलाई नमुना बनाएर भवनहरू बनाएका छन्।